झिमरुक गाउँपालिका

# झिमरुक राजपत्र

खण्डः५ संख्याः ४ मितिः २०७९/०६/२३

भाग २

## झिमरुक गाउँपालिका

प्रस्तावित मिति २०७९/०६/१३
पारित मिति २०७९/०६/२३

# असहाय, असक्त,गरिब तथा बिपन्न बर्गको लागी नि : शुल्क स्वास्थ्य बिमा गर्ने सम्बन्धी कार्यविधि, २०७९

प्रस्तावना : झिमरुक गाउँपालिकामा बसोबास गर्ने असहाय, असक्त, गरिब तथा बिपन्न बर्गका घर परिवारका ५ जना सम्मका सदस्यहरुलाई सुचिकृत स्वास्थ्य संस्थामा उपचारात्मक सेवा उपलब्ध गराउन अति आवश्यक देखिएको उपचारात्मक स्वास्थ्य सेवा लिन लाग्ने रकम खर्चिलो भएकोले सेवाग्राहीलाई हुन जाने आर्थिक भार कम गरी लक्षित समूहका लागि दिइने स्वास्थ्य सेवा, सुबिधा तथा प्रक्रियालाई सरल र सहज बनाउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी झिमरुक गाउँपालिकाले यो कार्यबिधि जारी गरेको छ।

## परिच्छेद -१

१ **संक्षिप्त नाम र प्रारम्भ:** यस कार्यविधिको नाम " गाउँपालिका भित्र बसोबास गर्ने असहाय, असक्त, गरिब तथा बिपन्न बर्गको लागि निःशुल्क स्वास्थ्य बिमा गर्ने सम्बन्धी कार्यविधि, २०७९ " रहेको छ।

२. यो कार्यबिधि तुरुन्त प्रारम्भ हुनेछ।

३. **परिभाषा :** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका" भन्नाले झिमरुक गाउँपालिका सम्झनु पर्छ।

ख) "लक्षित समूह" भन्नाले झिमरुक गाउँपालिका भित्र बसोबास गर्ने असहाय, असक्त, गरिब तथा बिपन्न बर्गको व्यक्ति सम्झनु पर्छ।

ग) "लाभग्राही" भन्नाले झिमरुक गाउँपालिकामा बसोबास गर्ने वडा समितिले सिफारिस गरेका प्रति वडा १० घर परिवारमा असहाय, असक्त, गरिब तथा बिपन्न बर्गका प्रति घर परिवारमा ५ जना सम्मका सदस्यहरुलाई सम्झनु पर्छ।

४ **निबेदन सम्बन्धी व्यवस्था :** यस कार्यबिधि बमोजिम निःशुल्क स्वास्थ्य बिमा गराउन सम्बन्धित सबै वडा समितिको सिफारिसमा असहाय, असक्त, गरिब तथा बिपन्न बर्गका प्रति घर ५ जना सदस्यका दरले १० घर परिवार छनौट गरी स्थानीय बिमा स्वयंसेवकको सहयोगमा निःशुल्क स्वास्थ्य बिमा गराई विमितको विवरण वडा कार्यालयले गाउँपालिकामा पेश गर्नुपर्नेछ। प्रति घर ५ जना भन्दा बढी सदस्यको बिमा वापत लाग्ने रकम सम्बन्धित घर परिवार वा व्यक्तिले व्यहोनु पर्नेछ।

५ **सेवाग्राहिले पाउने सुबिधा सम्बन्धमा :** असहाय, असक्त, गरिब तथा बिपन्न बर्गका बिमितले आवश्यक परेको समयमा सुचिकृत स्वास्थ्य सस्थाबाट सेवा लिनेछन बिमा बापतको रकम वडा समितिको सिफारिस अनुसार प्रति परिवार रु ३५०० का दरले गाउँपालिकाले भुक्तानी दिनुपर्ने छ।

६ **छनौट प्रक्रिया :** नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको संस्था वा संगठन संस्थाबाट रोजगारी/निवित्तिभरण वा बिदेशी सरकारबाट रोजगारी /पेन्सन प्राप्त गरिरहेको व्यक्ति बाहेकका घर परिवारका व्यक्ति छनौट गर्नुपर्दछ।

७ **बजेट व्यवस्था :** गाउँपालिकाले वडा समितिबाट प्राप्त प्रतिबेदनको आधारमा बजेटको सुनिश्चितता गर्नेछ।

८ **अभिलेख तथा प्रतिबेदन :** प्रत्येक वडा कार्यालयले त्रैमासिक रुपमा बिमितको रेकर्ड अध्यावधिक गरी एक प्रती गाउँपालिकामा पेश गर्नुपर्नेछ।

९ **अनुगमन तथा निरीक्षण :** झिमरुक गाउँपालिका प्रशासन शाखा र स्वास्थ्य शाखाले सबै वडा कार्यालयबाट गरिएको विमितको विवरण सम्बन्धी कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्न सक्नेछन् नक्कली लाभग्राहिले सुबिधा लिएको पाईएमा सम्बन्धित व्यक्ति र सिफारिसकर्ताबाट कानून बमोजिम रकम फिर्ता लिइनेछ र कानून बमोजिम कारबाही गरिनेछ।

१० **लेखा परिक्षण :** बिमा वापत लाग्ने खर्चको लेखा परिक्षण गराउने जिम्मेवारी झिमरुक गाउँपालिकाको हुनेछ।

११ **पारदर्शिता कायम गर्नुपर्ने :** गाउँपालिकाले भुक्तानी गरेको रकम र बिमित व्यक्तिको नामावली सम्बन्धित वडा कार्यालयको सूचना पाटिमा सार्बजनिक गर्नुपर्नेछ।

१२ **बाधा अड्काउ फुकाउने :** यो कार्यविधि कार्यन्वयनमा बाधा अड्काउ परेमा गाउँपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले
पवन कुमार शाही
(प्रमुख प्रशासकीय अधिकृत)